म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ५३ शुक्रबार, १० असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 26 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागुऔषधसहित दुईजना पक्राउ

हेटौंडा, ९ असोज/मकवानपुर प्रहरीले प्रतिबन्धित लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगर पालिका-१५, रातोमाटे नजिकै पूर्वपश्चिम राजमार्गमा नियमित चेकजाँच गर्ने क्रममा ना. ५२ प ४०५८ नम्बरको मोटरसाइकल रोकेर खानतलासी गरेको हो ।

यसैक्रममा मोटरसाइकल चालक पर्सा, बहुदरमाई नगरपालिका-४ का २९ वर्षीय अब्दुल अंसारी (हाल मकवानपुर, हेटौंडा-५ बसोबास) र पछाडि सवार मकवानपुर, बकैया गाउँपालिका-४ छतिवनका ३७ वर्षीय दीपक संजेल (हाल हेटौंडा-५, सानोपोखरा बसोबास) पक्राउ परेका हुन् । प्रहरीकाअनुसार मोटरसाइकलको सिटमुनि लुकाइ ल्याइएको अवस्थामा प्रतिबन्धित लागुऔषध ओनेरेक्स १०० एमएलका २५ बोतल र नाइट्राजेपाम-१० एमजीका ९० ट्याबलेट बरामद गरिएको छ । बरामद गरिएको लागूऔषधसहित दुबैजनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान र कारबाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

### सांसद्को स्वकीयसचिव हटाउँदैमा देशको विकास हुँदैन: मन्त्री तामाङ

# 'अन्तरिम सरकारको निर्णय क्षमतामाथि नै प्रश्न उठ्यो'

मनिल महतो

हेटौंडा, ९ असोज/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले अन्तरिम सरकारले प्रदेश सरकारको कार्यक्षेत्रमा हस्तक्षेप गरेको आरोप लगाएका छन् ।



बिहिबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री तामाङले अन्तरिम सरकारले हालै लिएको निर्णयले प्रदेश सरकार र स्थानीय तहमाथि हस्तक्षेप बढाएको आरोप लगाए । संविधानले नै संघीय, प्रदेश र स्थानीय तहको अधिकार स्पष्ट पारेको बताउँदै उनले अन्तरिम सरकारलाई प्रदेश सरकारको अधिकार क्षेत्रमा हस्तक्षेप गर्ने अधिकार नभएको जिकिर गरे । मन्त्री तामाङले संघीय सरकारको पछिल्लो निर्णय संविधानको मर्म र भावनाविपरीत रहनुका साथै त्रुटिपूर्ण समेत भएको बताए ।

संविधानले निर्दिष्ट गरेका अधिकारभन्दा बाहिर गएर वर्तमान सरकारले कार्य गरेको भन्दै उनले असन्तुष्टि जनाए । संघीय सरकारको क्याबिनेटको निर्णयले सरकारको क्षमतामाथि नै प्रश्न उठाएको उनको भनाई छ । 'संघीय क्याबिनेटका निर्णय हेर्दा कि उहाँहरुको निर्णय क्षमतामाथि प्रश्न उठाउनुपर्ने भयो, कि त प्रदेशमाथि पूर्ण हस्तक्षेप गर्न खोजिएको प्रष्ट छ,' उनले भने, 'संविधानले निदृष्ट गरेका विषयमा संघीय सरकारको अर्थ मन्त्रालयले निर्णय गर्न मिल्दैन । प्रदेश सरकार स्वायत्त छन् । आफ्नै ऐन कानुन बनाएर खर्च प्रणाली चलाएका छन् । सो विषयमा संघीय सरकारले निर्णय गरेर खर्च कटौतीको विषयमा स्वकीय, योजना कार्यान्वयनमा हस्तक्षेप गर्नु संविधानको खिलाफ छ ।'

संघ सरकारको यस्तो भूमिकाले प्रदेश र स्थानीय तहमाथि हस्तक्षेप बढाएको उनले आशंका व्यक्त गरे । संविधान संशोधन नगरी संविधानमा उल्लेख भएका विषयमा संघीय सरकारले बोल्न नमिल्नेमा जोड दिदै यस्तो कार्य संघीयतामाथिको हस्तक्षेप भएको उनको भनाई थियो । प्रदेशमा कर्मचारी राख्ने वा नराख्ने निर्णय प्रदेश सरकारको हुने मन्त्री तामाङको धारणा थियो । मन्त्री तामाङले संघीय सरकारले १० लाख रुपैयाँभन्दा माथिका योजना उपभोक्ता मार्फत् नगरी ठेक्काबाट गर्ने भनी गरेको निर्णय प्रदेश सरकारले यसअघि नै गरिसकेको बताए ।

वर्तमान सरकारले सुशासन ल्याउँछ भन्नेमा प्रदेश सरकार विश्वस्त नरहेको उनले उल्लेख गरे । केही कर्मचारी कटौती गरेर संघीय सरकारले खर्च कटौती गर्न नसक्ने उनको दाबी थियो । संघीय सरकारले एकातिर कर्मचारी कटौतीको निर्णय गर्ने र अर्कोतिर गठन आदेशमार्फत् पुनर्निर्माण समिति गठन गरेकोमा उनले असन्तुष्टि जनाए । मन्त्री तामाङले सांसद्को स्वकीय सचिव हटाएर सरकारले देशको विकास गर्न नसक्ने बताए । २ रुपैयाँ घटाएर दुई हजार खर्च गर्ने प्रवृत्ति अहिलेको सरकारमा देखिएको उनले टिप्पणी गरे । मन्त्री तामाङले पत्रकार सम्मेलनमा संघीय र प्रदेश बजेटको तुलना गर्दै संघीय बजेट अनुत्पादक र प्रदेशको बजेट विकासमुखी भएको तथ्यांक प्रस्तुत गरे ।

संघीय बजेटको करिब ८० प्रतिशत हिस्सा चालुखर्च र वित्तीय व्यवस्थापनमा रहेको छ भने पुँजीगत (विकास) खर्च २० दशमलव ८ प्रतिशत मात्र रहेको उनले बताए । यता बागमती प्रदेश बजेट चालुखर्च ३८.६ प्रतिशतमा सीमित गरी पुँजीगत (विकास) खर्च ६१ दशमलव ४ प्रतिशत छुट्टाइएको उनले बताए । 'संघीय सरकारले सांसदको स्वकीय सचिव हटाएर करोड पनि नबच्ने खर्च कटौतीको हल्ला गर्छ । तर, अर्कोतर्फ नयाँ पुनर्निर्माण समिति बनाएर चालु खर्च बढाउँदै छ,' मन्त्री तामाङले थपे 'हामी संघीय सरकारलाई चुनौती दिन चाहन्छौं, आफ्नो ८० प्रतिशतको चालु खर्चलाई हाम्रो जस्तै ३८ प्रतिशतमा झारेर देखाओस् । तब मात्र देश विकास हुन्छ ।'

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सहित आफूले पनि सवारी मर्मत, इन्धन सुविधा नलिएको बताउँदै मन्त्री तामाङले अहिलेको अन्तरिम क्याबिनेटका मन्त्रीहरु बढी स्टण्डबाजीमा लागेको आरोप लगाए ।

**जेनजी प्रदर्शनमा बागमती प्रदेशका ६० भवन, ५३ गाडीसहित ९० करोडको क्षति**

पत्रकार सम्मेलनमा मन्त्री तामाङले जेनजी आन्दोलनको क्रममा बागमती प्रदेश सरकार मातहतका कार्यालय, भवन, सवारी, जिन्सी गरेर ९० करोड रुपैयाँ भन्दा बढी सम्पत्तिको क्षति भएको जानकारी दिएका छन् । उनका अनुसार काठमाडौं, चितवन, ललितपुर, भक्तपुर र मकवानपुरका संरचना र सवारीसाधनमा क्षति पुगेको छ ।

सबैभन्दा बढी प्रदेश राजधानीसमेत रहेको मकवानपुरमा रहेका कार्यालय, भवन, सवारी र जिन्सी सामग्रीमा क्षति पुगेको उनले जानकारी दिए । मन्त्री तामाङले पाँचवटा जिल्लामा प्रदेश सरकारका २६ वटा कार्यालय र ६० वटा भवनमा क्षति पुगेको जानकारी दिए । काठमाडौंमा दुईवटा कार्यालयको ३ वटा भवन, चितवनमा ३ वटा कार्यालयको १० वटा भवन, भक्तपुरको एउटा कार्यालयको दुईवटा भवन, मकवानपुरमा १७ वटा कार्यालयको ४० वटा भवन र ललितपुरको ३ वटा कार्यालयको ५ वटा भवनमा क्षति पुगेको हो ।

भवनतर्फको क्षति रकम ४७ करोड ९३ लाख ५४ हजार रुपैयाँ रहेको मन्त्री तामाङले जनाए । उनकाअनुसार १४२ वटा दुईपांग्रे र ५३ वटा चारपांग्रे सवारीसाधनमा क्षति पुगेको छ । सवारी साधनतर्फ २१ करोड ६७ लाख ५५ हजार रुपैयाँ नोक्सान भएको छ । २० करोड ४० लाख ८१ हजार रुपैयाँको जिन्सी सामग्री क्षति पुगेको मन्त्रालयले जनाएको छ । कार्यालय, भवन, सवारी, जिन्सी गरेर कूल क्षति रकम ९० करोड १ लाख ९१ हजार रुपैयाँ रहेको छ । क्षति भएका भवनको पुनर्निर्माणका लागि बागमती सरकारलाई ७१ करोड ४१ लाख ४० हजार व्ययभार थपिएको मन्त्री तामाङले जानकारी दिए । सरकारले संरचना पुनर्स्थापनाको लागि प्राविधिक अध्ययन गरिरहेको छ ।

# रेबिजविरुद्ध खोप कार्यक्रम सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ विश्व रेबिज दिवस २०२५ को अवसरमा पशुसेवा कार्यालय मकवानपुरले रेबिजविरुद्धको खोप कार्यक्रम सञ्चालन गरेको छ ।

स्थानीय तहको पशुसेवा शाखामार्फत रेबिजविरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएको हो । असोज ६ गतेदेखि सुरु भएको रेबिजविरुद्धको खोप कार्यक्रम १२ गतेसम्म सञ्चालन हुनेछ । अहिले पशुसेवा कार्यालयले दैनिक २० देखि ३० वटा कुकुरलाई रेबिजविरुद्धको खोप लगाइरहेको कार्यालय प्रमुख बज्रकिशोर ठाकुरले जानकारी दिए । कार्यालयका तीन जनाको समूह बनाएर स्थानीय तहका प्राविधिकसँग आवश्यक समन्वय र सहकार्य गरेर रेबिजविरुद्धको खोप लगाउने काम भइरहेको उनले बताए ।

'सामुदायिक कुकुरलाई ठाउँठाउँमा गएर दिवसको अवसरमा खोप लगाइरहेका छौं, मानिस, पशु बस्तुलाई रेबिज लागेको कुकुरले टोक्दा निको नहुने भएकाले सबै सचेत हुन जरुरी छ,' कार्यालयप्रमुख ठाकुरले बताए ।

रेबिज भएका भएका कुकुर, स्याललगायत जंगली जनावरको टोकाइबाट रेबिज लाग्ने जानकारी दिदैं उनले रेबिज रोग लागेको जनावरले टोकेको अवस्थामा र्‍यालको माध्यमबाट, घाउ, चोटपटक लागेको छालामा चाटेमा वा र्‍याल पर्न गएमा रेबिज सर्ने गर्दछ । पशुसेवा कार्यालयको तथ्यांकअनुसार रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट मकवानपुरमा गतवर्ष तीनजनाको मृत्यु भएको थियो ।

थाहा नगरपालिकामा दुई जनाको र मकवानपुरगढी गाउँपालिकामा एकजनाको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार करिब ९९ प्रतिशत मानिसमा लाग्ने रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट लाग्ने गर्छ । नेपालले सन् २०३० सम्ममा रेबिजबाट हुने मृत्युदर शून्यमा झर्ने लक्ष्य लिएको छ ।

# मकवानपुरका २१ सरकारी कार्यालय भवनमा क्षति



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/गत भदौ २३ र २४ युवा पुस्ता जेनजीको प्रदर्शनका कारण मकवानपुरका २१ वटा सरकारी कार्यालयको भवनमा क्षति पुगेको प्रारम्भिक तथ्यांक छ ।

१३ वटा संघीय कार्यालय, प्रदेशस्तरीय कार्यालय ६ र सार्वजनिक संस्थान २ वटामा क्षति पुगेको छ । १२ करोड ४२ लाख ४६ हजार भौतिक क्षति भएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । २५ वटा सरकारी कार्यालयका एक सय ४३ वटा सवारी साधनमा क्षति पुगेको छ । एकसय ११ वटा दुईपांग्रे र ३२ वटा चारपांग्रे सवारी साधनतर्फ ४ करोड ९० लाख २६ हजार रुपैयाँ क्षतिभएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले बताइन् । मकवानपुरका १० वटा स्थानीय तहमध्ये कैलाश र बागमती बाहेकका सबै पालिका प्रभावित बनेका छन् ।

क्षति भएका संरचना पुनर्निर्माण गरी प्राथमिकताका आधारमा सरकारी कार्यालय सञ्चालनमा ल्याउन निजी क्षेत्रले सामाजिक उत्तरदायित्व वहन अन्तर्गत सहयोग गर्न प्रमुख जिल्ला अधिकारी श्रेष्ठले उद्योगी व्यापारीलाई आग्रह गरिन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा आयोजित छलफलमा मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ, नारायणी यातायात व्यवसायी संघलगायत बहुर्राष्ट्रिय सहित औद्योगिक क्षेत्रका उद्योगीको सहभागीता रहेको थियो । हेटौंडामा रहेको युनिलिभर लिमिटेड बैठकमा अनुपस्थित रहेको भन्दै सहभागीले प्रजिअको ध्यानाकर्षण गराएका थिए ।

# बागमतीमा २ अर्ब ७६ करोड राजश्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षको दुई महिनामा दुई अर्ब ७६ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारले चालू आवमा ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार आम्दानीको लक्ष्य राखेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालू आवको राजस्व संकलन गत आवको पहिलो दुई महिनाको तुलनामा १० करोड ६९ लाख रुपैयाँले बढी हो । चालू आवमा बागमतीले बाँडफाँड अन्तर्गत दुई अर्ब आठ करोड ३१ लाख १४ हजार ५७० रुपैयाँ, प्रदेश सरकारको आफ्नै स्रोतअन्तर्गत ६४ करोड ९० लाख राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारले बेरुजु फर्स्योट र अनुदान फिर्ताबापत दुई करोड ९१ लाख आम्दानी गरेको छ । मन्त्रालयका अनुसार सवारीकरबाट एक अर्ब २० करोड ९२ लाख रुपैयाँ संकलन गरेको छ । प्रदेश सरकारले संघीय सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत् प्राप्त गर्ने कुनैपनि शीर्षकको रकम अहिलेसम्म प्राप्त गर्न सकेको छैन ।



साझाकुरा

## हाम्रो कुरा

# त्रिभुवन राजपथ सँधै वैकल्पिक मार्ग

नेपालकै सबैभन्दा पुरानो राजमार्ग मानिने त्रिभुवन राजपथ सँधैको बैकल्पिक मानिन्छ । बागमती प्रदेशको मुकाम हेटौंडादेखि पालुङ-धादिङको नौबिसे हुँदै काठमाडौं पुगिन्छ । वर्षाले देशका थुप्रै मुख्य सडक सञ्जाल ठप्प भएपनि त्रिभुवन राजपथ भने अवरुद्ध भएन । त्रिभुवन राजपथबाट मालवाहक ठूला सवारीसाधन पनि गुड्न सक्छन् । त्रिभुवन राजपथ काठमाडौंलाई तराईसँग जोड्ने वैकल्पिक राजमार्ग हो । विगतका वर्षमा पृथ्वी राजमार्ग अवरुद्ध हुँदा त्रिभुवन राजपथ नै प्रयोग हुँदै आएको हो । पृथ्वी राजमार्ग अवरुद्ध हुँदा पश्चिम नेपालदेखि तराईका सवारीसाधन त्रिभुवन राजपथ हुँदै काडमाडौं ओहोरदोहोर गरिरहेका छन् । नारयणगढ-मुग्लिन सडक खुल्नु अघि हेटौंडा-काठमाडौं ठूला सवारीसाधन त्रिभुवन राजपथ भएर जानु पर्दथ्यो । २०१३ सालमा संचालनमा आएको यो सडकको दुरी एक सय ३२ किमि रहेको छ । बारम्बारको पहिरोले नारायणगढ-मुग्लिन सडक खण्ड अवरुद्ध भएपछि हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक सडकमार्गमा सवारीको चाप ह्वात्तै बढेको छ । विशेषगरी पूर्वतर्फ र पश्चिमतर्फ जाने साना सवारीसाधन हेटौंडा हुँदै गन्तव्यमा जाने गरेका छन् । सवारीको चाप बढेसँगै ट्राफिक प्रहरीलाई सवारी व्यवस्थापन गर्न भ्याईनभ्याई भएको छ । काठमाडौं जाने ठूला तथा मालवाहक सवारीसाधनलाई भने हेटौंडाको चौकीटोलमा रोकिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-काठमाडौं जोड्ने चारवटै वैकल्पिक मार्ग सुचारु अवस्थामा छन् ।

कान्तिलोकपथ, त्रिभुवन राजपथ, हेटौंडा-भीमफेदी-सिस्नेरी-दक्षिणकाली र हेटौंडा-कुलेखानी-फाखेल-काठमाडौंमा कुनै अवरोध नरहेको मकवानपुरका प्रहरीले बताएको छ । विशेषगरी त्रिभुवन राजपथमा सवारीको अत्याधिक चाप रहेको छ । सडक विभागले पनि नारायणगढ-मुग्लिन सडकको विकल्पका रुपमा यी वैकल्पिक मार्गहरुको प्रयोग गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । सामान्य वर्षामै अवरुद्ध हुने यी सडकमार्गमा यात्रु र सवारीको चापलाई मध्यनजर गर्दै, सडक खुलाउनका लागि आवश्यक जेसिबी तथा जनशक्ति तयारी अवस्थामा राखिएको छ । पूर्व-पश्चिम राजमार्गमा भने हाल पश्चिमबाट मात्रै सवारी साधन आइरहेका छन् । चितवनको तुइनखोलामा खसेको सुक्खा पहिरो पन्छाउने काम बुधबार बिहानैदेखि भइरहेको हो । सडकका दुवैतर्फबाट २/२ वटा गरी ४ वटा उपकरणले बिहान ६ बजेदेखि पहिरो पन्छाउने काम सुरु गरिएको सडक डिभिजन भरतपुरले जनाएको छ । पहिरोका कारण नारायणगढ-मुग्लिन सडकखण्ड प्रयोग गर्ने सवारीसाधनलाई समस्या भएको हो । चितवन प्रशासनले सूचना जारी गर्दै वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेको थियो । वैकल्पिक मार्गको रुपमा महोत्तरीको बर्दिवास-सिन्धुली-काठमाडौं, मकवानपुरको हेटौंडाको त्रिभुवन राजपथ उपयुक्त देखिएको हो । २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र आएपछि पहिलो विदेशी कुटनीतिक ब्यक्तिको भ्रमणको क्रममा २००८ सालको असार २ गते तत्कालीन भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरु नेपाल भ्रमणमा आएका थिए । यही भ्रमणको समयमा राजा त्रिभुवनले देशमा सडक यातायातको असुविधा रहेको जानकारी गराएपछि पण्डित नेहरुले छिट्टै नै राजमार्ग निर्माणमा सहयोग गर्ने आश्वासन दिएर फर्केका थिए ।

नेहरु स्वदेश फर्केको ९ महिनापछि चैत २००८ मा भारतीय सेनाका इञ्जिनियरको टोली सर्भेको लागि नेपाल आइपुगेका थिए । भारतीय सेनाका रिटायर्ड कर्णेल ग्रान्टको निगरानीमा आएका सैनिक इञ्जिनियरहरुले राजमार्ग निर्माण गर्न सकिने जानकारी गराएका थिए । सबैभन्दा कठिनकार्य ठूला-ठूला रोड-रोलरलाई थानकोट पुऱ्याउनु नै थियो । रोड-रोलरलाई खोलेर विभिन्न सामान कुनै भरियाबाट त कुनै रोपवेबाट थानकोट पुऱ्याइएपछि फेरि जोड्ने कार्य गरिएको थियो । अन्तत: वि.सं. २००९ मंसिर ७ गते शनिबार विवाहपञ्चमीको साइत पारेर चन्द्रागिरी तर्फबाट डोजरले खनेर राजमार्ग निर्माणको शुभारम्भ गरिएको थियो । त्यसको एक वर्षपछि २६ मंसिर २०१० मा विवाह पञ्चमीकै दिन पारेर जीपमात्र चलाउन सकिने गरी त्रिभुवन राजपथ संचालनमा आएको थियो । बडामहारानी कान्ती राज्यलक्ष्मीले राजमार्गको उद्घान गगरेकी थिइन् । तत्कालीन युवराज महेन्द्र, प्रधानमन्त्री मातृकाप्रसाद कोइराला तथा भारतीय राजदूत बीके गोख्लेले उद्घाटनका अवसरमा सम्बोधन गरेका थिए । यसरी जीपको लागि २०१० को मंसिरमा नै उद्घाटन भएपनि मालबाहक ट्रक गुड्न भने अर्को दुईवर्ष पर्खनु परेको थियो । नियमित ट्रकबाट ढुवानीको सेवा नेपाल ट्रान्सपोर्ट सर्भिसको स्थापनापछि २०१५ को चैतदेखि भयो । असार २०१६ सालबाट नेपाल ट्रान्सपोर्ट सर्भिस नियमित बस सेवा काठमाडौंबाट अमलेखगञ्जसम्म सुरु गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज ११ गते शनिबार २७ सेप्टेम्बर २०२५ । पञ्चमी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५५ सूर्यास्त ५:५३ । विश्व पर्यटन दिवस । पचली भैरव यात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायमा सफलता | **तुला** | : शत्रु नाश |
| **वृष** | : मान हानिले खिन्नता | **वृश्चिक** | : परिवारमा कलह |
| **मिथुन** | : धर्मकार्यमा खर्च | **धनु** | : रोग नाश |
| **कर्कट** | : न्यायिक कार्यमा सफलता | **मकर** | : अशुभ समाचार सुन्नुपर्ने |
| **सिंह** | : मान्यजनबाट विवाद | **कुम्भ** | : साझेदारी कार्यमा विवाद |
| **कन्या** | : अहमपनले कार्यमा हानि | **मीन** | : दैनिक आयमा कमी |

# युवाको बलिदान: असन्तुष्टि, विद्रोह र अपेक्षा



✍कमल मादेन

देशमा दशकौंदेखि व्याप्त भ्रष्टाचार, रोजगारी अभाव र कुशासनले सारा जनता पिरोलिएका छन् । आम सर्वसाधारणलाई जीविकोपार्जनमा समेत समस्या छ । राजनीतिक पार्टीका भ्रष्ट नेता, बिचौलिया, भ्रष्ट कर्मचारी र ठेकेदार भने आरामको जीवन बिताइरहेका छन् । वर्षौंदेखि यो देख्दै आएका आम नागरिक असन्तुष्ट थिए । त्यसमाथि सरकारले सामाजिक संजाल बन्द गरेपछि आगोमा घिउ थपियो । इन्टरनेटलाई आधार बनाएर व्यवसाय, रोजगारी, अध्ययन गर्दै आएको जेन-जी पुस्ता त्यसको विरोधमा सेप्टेम्बर ८ मा सडकमा उत्रियो ।

तिनका माग सुन्नुपर्नेमा सरकारले बर्बर दमन गर्दै गोली बर्सायो । । केही घण्टाको अन्तरालमा काठमाडौंमा मात्रै १९ जनाको हत्या हुन पुग्यो । भोलिपल्ट सेप्टेम्बर ९ को बिहानैदेखि सरकारविरुद्ध आम मानिसको आक्रोश पोखिन थाल्यो । सडकमा निस्किएका आन्दोलनकारीले राजनीतिक पार्टीका कार्यालय, तिनका नेताका घर र सार्वजनिक सम्पत्ति जलाउन थाले । बेलगाम भीडले संसद् भवन, सिंहदबार, राष्ट्रपति कार्यालयलाई समेत छोडेन । अन्तत: सरकारले घुँडा टेक्यो । अब, यो घटना संसारभर सेप्टेम्बर ८-९ (२०२५) विद्रोहका रूपमा चर्चा भइरहेको छ ।

नेपाल जलिरहेको अवस्थामा सेप्टेम्बर ९ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा बडो मुश्किलले दिए । त्यसपछि, राष्ट्रपतिसहित मन्त्री तथा तिनका परिवारजन सेनाको सुरक्षा घेराभित्र रहे । संसद् भवन, सिंहदर बार, राष्ट्रपति भवन, सर्वोच्च अदालत स्वस्फूर्त रुपमा निस्केको जमातले आगो लगाइसकेको अवस्था थियो । प्रहरीले हात उठाएको थियो । सेनाले विद्रोहीलाई थुनछेक गरेको थिएन । संविधानबाट बनेका सबै अंग तहसनहस भई संविधान कोमामा पुगेको अवस्था थियो । तर, हठात, सेप्टेम्बर १२ मा पूर्वप्रधान्न्यायाधीश सुशीला कार्की राष्ट्रपति रामचन्द्र पौडेलबाट अन्तरिम प्रधानमन्त्रीमा नियुक्त भइन् । संविधान कोमामा थियो, त्यसैबाट ब्युताउने काम गरियो । विद्रोहलाई फगत आन्दोलनका रूपमा सम्झौतामा टुङ्गाइयो ।

### आन्दोलन कि विद्रोह

देशमा भ्रष्टाचार, कुशासन, नातावाद, कृपावादविरुद्ध उठेको विद्रोहले संसारको ध्यानाकृष्ट गरेको छ । यो विद्रोहमा भएको भौतिक क्षति सन् १९९१ मा सोभियत संघ विघटन हुँदा त्यहाँको गुप्तचर संस्था केजीबीका कार्यालयहरूमा भएको आक्रमण वा २०११ को सिरियाली गृहयुद्धका घटनाभन्दा पनि यो बढी ध्वंसात्मक भयो । इतिहास हेर्दा, नेपालमा भएको यो घटना युरोपको १९औं शताब्दीको मध्यकालीन विद्रोहसँग मेल खान्छ, जसको वृत्तान्त कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सको संकलित रचना, खण्ड १ भाग २ (प्रगति प्रकाशन-मस्को, सन् १९७८, पृष्ठ संख्या ३५१) मा पढ्न पाइन्छ । पाठकलाई सेप्टेम्बर ८ र ९ को घटना युरोपमा भएको विद्रोहको के सम्बन्ध भन्ने लाग्न सक्छ । पहिलो कुरो त सेप्टेम्बर ८ र ९ को घटना त आन्दोलन हो कि विद्रोह भन्ने स्पष्ट हुनैपर्छ । यसलाई सहि ढंगबाट व्याख्या गरिएन भने इतिहासमै ठूलो भूल हुनेछ ।

जेन-जीले सीडीओ कार्यालयमा अनुमति लिएर सेप्टेम्बर ८ मा गरेको विरोध प्रदर्शन थियो । यो प्रदर्शन कानुनअन्तर्गत तय गरिएको थियो । कहिलेकाही प्रदर्शन आन्दोलनमा परिवर्तन हुन्छ । तर, पनि आन्दोलनले संविधान वा व्यवस्थालाई स्वीकार्छ, तर त्यसलाई सच्याउन माग गर्छ । जेन-जीले देशको कुशासनमा सुधार चाहेको थियो । त्यस्तो माग सानातिना प्रदर्शनबाट पूरा हुँदैन । त्यो भनेको सशक्त आन्दोलनबाट मात्र पूरा हुने माग हो । नभन्दै, प्रदर्शन आन्दोलनमा परिणत भयो । सरकार भने सेप्टेम्बर ८ मा हिटलरी शैलीमा उत्रियो र एकै दिन १९ जनाको ज्यान लियो र सयौं जना गोलीबाट अंगभंग भए ।

त्यसक्रममा अहिलेसम्म ७४ जनाको ज्यान गएको छ । आन्दोलन थप सशक्त भयो । आन्दोलन विध्वंशतर्फ अघि बढ्यो । गृह प्रशासन यसमा चुक्यो । सेप्टेम्बर ८ अगावै गृह प्रशासनले प्रदर्शनकारी नेतृत्वको पलपलको जानकारी राख्न सक्थ्यो । तर, भ्रष्टाचारमा लिप्त गृह प्रशासनले यसतर्फ ध्यान दिन नै चाहेन । विद्रोहले राज्य सत्तालाई अस्वीकार गर्छ र नयाँ संरचना ल्याउने तहमा उत्रन्छ । सेप्टेम्बर ८ यदि सही रूपमा सम्बोधन गरिएको भए विद्रोहमा परिणत हुने थिएन । तर, निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई जनावरसरह पनि व्यवहार नगर्ने प्रवृत्ति भएका कारण उनले प्रहरीलाई अत्यन्त हिंस्रक रूपमा उतारे । अहिले विदेशी शक्तिहरूले धेरै अघिदेखिको योजना थियो वा केपी ओली चीनसँग नजिकिएका कारण यसरी घुसपैठ गरी विध्वंस गर्ने योजना बुनिएको थियो भनेर भाष्य तयार गरिँदै छ ।

शान्तिपूर्ण आन्दोलनलाई विद्रोह तर्फ धकेल्ने काम त स्वयम् तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट गरिएको हो । गोलीबाट आन्दोलन दबाउन खोजिएकै हो । उसो भए के उनी विदेशीको इसारामा चलेका छन् ? सन् १९९१ मा जब पूर्वसोभियत युनियन विखण्डन भएर १२ राज्य बन्यो (त्यसअगावै एस्टोनिया, लाटविया, लिथुआनिया अगल भएका थिए) । त्यसबेला तत्कालीन सोभियत युनियनका राष्ट्रपति मिखाइल गोर्वाचोभलाई अमेरिकी गुप्तचर संस्था सिआईएको एजेन्ट हुन भनेर कम्युनिष्ट बुद्धिजीवीहरूले भन्ने गरेका थिए ।

यता, नेपालमा जबसम्म ओली एमालेभित्र प्रतिपक्षमा थिए, उनलाई भारतीय गुप्तचर संस्था 'र' सँग नजिक छ भन्ने आरोप थियो । के अहिले उनले 'र' को आडमा नेपाल ध्वस्त गरेका हुन् भन्ने आशंका गर्न मिल्छ त ? पहिले नजिक थिए होलान्, तर अहिलेको घटनामा परिकल्पना गर्नु महाभूल हुन्छ । यद्धपि, केपी शर्मा ओलीको व्यवहार विचार गरौं । उनले सेनाको सुरक्षाबाट बाहिर निस्केर प्रहरीलाई अन्धाधुन्ध गोली चलाउने आदेश दिइएको थिएन भनिरहेका छन् । विशेषत सेप्टेम्बर ८ का दिन हिंस्रक घटनामा संसद् भित्र रहेका प्रहरीले इन्सास र एसएलआर बन्दुकबाट गोली चलाइएको सार्वजनिक भइसकेको छ ।

हामीले के बुझ्नुपर्छ भने ओली जे बोल्छन्, व्यवहार त्यसको ठिक उल्टो गर्छन् । त्यो उनको बोली र व्यवहारबाट पटकपटक पुष्टि भइसकेको छ । यसको अर्थ, उनले प्रहरीलाई बर्बर रूपमा उत्रनु भनेर आदेश दिएकै हुनुपर्छ । उनले आदेश मान्ने कर्मचारीहरू गृह प्रशासनमा छानीछानी राखेका थिए । त्यसकारण, उनी ढुक्क थिए कि गृह प्रशासनले पुलिसलाई गोली हान्ने आदेश तुरुन्तै दिन्छ र आन्दोलन छिनभरमै तितर बितर हुन्छ । त्यसपछि यसो एक छानबिन समिति बनाउने दाउमा थिए, उनी । सेप्टेम्बर ८ को राति छानबिन समिति बनाउने कुरा बाहिर आएको थियो । मानौं कि आन्दोलनमा पुतली सडकमा कतै तोडफोड मात्र भएको थियो । कसैको ज्यान गएको थिएन जस्तो । देश भयाभव स्थितिमा नपुगेजस्तो ।

वास्तविकतामा भएको चाहिँ के हो भने केवल भ्रष्टाचार गर्ने उद्देश्य र आफ्ना गल्ती ढाकछोप गर्ने उद्देश्यबाट बन्दै आएका प्रधानमन्त्रीहरूले राज्यका सबै अंग भुत्ते बनाइसकेका छन् । निवर्तमान गृह प्रशासनले सेप्टेम्बर ८ र ९ को स्थितिको आंकलन गर्ने भेउ पाएन । यसो हुनुको कारण त्यहाँ काम गर्ने होइन, नालायक, व्यक्तिहरू नियुक्त हुन्छन् । सरकारको गुप्तचर गर्ने अंग पूर्ण रूपमा असक्षम भयो, यसलाई खारेज गरी अर्को संरचना बनाउन आवश्यक छ । तर, अन्तरिम सरकार यसका मुख्य व्यक्ति अवकाशपछि परम्परागत रूपमा अर्का व्यक्ति प्रमुखमा नियुक्त गरेका छन् ।

एमाले, कांग्रेस, जसपा, लोसपाका नेता तथा भ्रष्ट कार्यकर्ता त ओलीले भ्रष्टाचार गर्न सुनौलो अवसर कायम गरिरहन सक्षम छन् भनेर ढुक्कै जयजय गान गाइरहेका थिए । उनीहरू कति त अझै पनि त्यही आसमा छन् । तर, २७ घन्टे आन्दोलन र विद्रोहले ओलीको मेरुदण्डको नसा खुस्काइदिएको छ । अहिले, के कसरी उपचार गर्ने भनेर चिन्तन, मनन् गर्दैछन्, भ्रष्ट नेता गण । जनतालाई भ्रममा पार्न खोजिएका छन् । सुधार र पार्टी पुन:निर्माण गरिने छ भनेर । के यिनैलाई जनताले पहिले जस्तै रजगज गर्न देलान त ?

### विद्रोहको झलक

सेप्टेम्बर ८ मा माइतीघरबाट अगाडि बढेको विरोध प्रदर्शनकारी मध्याह्न १२ बजे पछि एभरेष्ट होटल अगाडि राखेको ब्यारिकेट तोडेर अगाडि बढ्दै जब बानेश्वर नजिक पुग्छ, त्यसबेला प्रहरीको गोलीले एक जना ढल्छन्, त्यसपछि आन्दोलनकारी आक्रोशित भई सुरक्षाको घेरा तोड्दै संसद् भवनको पर्खालमा चढ्न प्रयत्न गर्छन् । तत्कालै, कर्फ्यू जारी हुन्छ । देशभर विद्रोहको हुरी फैलन्छ । कर्फ्यू बेवास्ता गरिन्छ । देशभर विरोध प्रदर्शनमा विद्यार्थी विद्यालयको पहिरनामा पुस्तकसहित सहभागी भएका थिए । काठमाडौं बानेश्वरमा एकजना विद्यार्थीको टाउकोमा गोली लाग्छ । उनले बोकेको झोलामा पुस्तक हुन्छ । सायद, आन्दोलनपछि देशमा कुशासन अन्त होला, विदेशमा मजदुरी गर्न जान नपर्ला भनेर विद्यालयबाट सोझै आन्दोलनमा सहभागी भएका थिए ।

तर, कहिल्यै नउठ्ने गरी ढल्छन, उनी । तिनीमात्र ढल्दैनन्, तिनका आमाबाबा, भाइबहिनीको आशा र भरोसा पनि ढल्छ । त्यसपछि प्रदर्शनकारी अत्याधिक आक्रोशित हुन्छन् । त्यो समाचार तुरुन्तै हुरी झैं फैलन्छ । भिडन्त शुरु हुन्छ । निकै हताहत हुन्छन् । घायलको उपचार संसद् भवनको ठिक सामुन्ने रहेको कर्मचारी अस्पतालमा भइरहेको हुन्छ । प्रहरी अस्पतालमा गएर अन्धाधुन्ध लाठी प्रहार गर्छ र गोली चलाउँछ । त्यसपछि आन्दोलन विद्रोहको रूपमा विस्फोट हुन्छ । सेप्टेम्बर ९ मा एमाले, कांग्रेस, माओवादी, एकीकृत समाजवादीलगायतका पार्टी कार्यालयहरू उग्र भिडले जलाउँछ । संसद् भवनमा चारैतिरबाट आगो लगाउँछन् । सर्वोच्च अदालतमा पनि आगो लाग्छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पुत्रको हो भनिएको नक्सालस्थित होटल हिल्टनमा पनि आगो लाग्छ ।

देशभर आगो सल्किसकेको हुन्छ । संचारकर्मीमा प्रकाशित एक समाचार अनुसार, त्यही पनि ओलीको हठ कायमै हुन्छ । उनी सेना, पुलिसलाई जसरी पनि विद्रोह दबाउ भनिर हेका हुन्छन् । जब, निवर्तमान अर्थमन्त्री विष्णु पौडेलले तुरुन्तै राजीनामा नदिए, स्थिति अझ भयाभव हुनेछ भनेर सुझाए, अनि मात्र प्रधानमन्त्रीबाट राजीनामा आउँछ र सेनाबाट उनलाई प्रधानमन्त्री निवासबाट भाग्न हेलकोप्टर उपलब्ध गराउँछ । हेर्नुहोस् बिनु सुवेदीले संचार कर्मीमा लेखेको अरु नेता बालुवाटारमै छाडेर ओली एक्लै चडेका थिए सेनाको हेलिकप्टर (असोज २ गते) शीर्षक लेख । त्यसमा उनका उनका पत्नी राधिका शाक्य, स्वकीय सचिव राजेश बज्राचार्य र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारसमेत रहेका एमाले उपमहासचिव विष्णु रिमाल चढेर शिवपुरी गएका थिए । मन्त्रीहरू ललितपुरस्थित मन्त्री आवासमा हेलिकप्टरबाट दिउँसो १२ बजेतिर नै ओसारिएको हुन्छ । उनीहरू पनि हेलिकोप्टरबाट अज्ञात स्थल जान्छन् । त्यसपछि आवास पनि पूर्ण रुपमा जलेर नष्ट हुन्छ । यत्रो धनजनको क्षति हुँदासम्म तत्कालीन प्रधानमन्त्रीलाई अलिकति पनि पीडा भएको हुँदैन । उनी जसरी पनि शक्ति लगाएर विद्रोह दबाउन आदेश दिइरहेका हुन्छन् । प्रहरी र सेनाले आगो लगाउन रोक्दैन । प्रहरी ज्यान जोगाउन नसक्ने अवस्थामा हुन्छ ।

राज्यमा विद्रोहबाट निर्वाचित सरकार ढल्यो भने अर्को सरकार नबनेसम्म सेनाले सुरक्षा जिम्मा लिनकै लागि संसारभर सेनाको संरचना बनाइएको होइन र ? तर, विदेशी शक्तिले विद्रोह गरायो भनेर प्रचार गरिन्छ । विद्रोहमा भाग लिने कति जना विदेशी वा विदेशीले इसारा गरेका व्यक्तिहरू समातिए ? के सडकमा उत्रिएका भारतीय थिए वा अमेरिकन वा दलाई लामाका मान्छे थिए ? त्यसो भए जनता हो को ? सेप्टेम्बर ९ तारिख रातभर सिंहदरबार जलिरहन्छ । नेपालीको मन भतभत्ती पोलिरहन्छ ।

### इतिहास र वसन्त बहार

अब, माथि उल्लिखित मार्क्स र एंगेलसलिखित संकलित रचना खण्ड १ भाग २ को कुरा जोडौं । फ्रान्समा जनता राजा लुई फिलिपको शासनबाट थकित थिए । फेब्रुअरी २२-२४, १८४८ विरोध प्रदर्शन भए र अन्तत: २४ फेब्रुअरीमा राजा लुई फिलिपलाई पदबाट हटाइयो, र फ्रान्सेली गणराज्य घोषणा गरियो । फ्रान्सको घटना अन्य युरोपेली देशहरूलाई प्रेरणा भयो । अष्ट्रियास्थित वियेनामा जनताले मार्च १३ मा ठूलो प्रदर्शन गरे । जर्मनका क्लेमेन्स भोन मेटर निख अष्ट्रियाका शासक थिए । भियनामा क्रान्ति बडो गजबले उठेको थियो । बैंकका मालिक तथा विदेशी मुद्रा साटफेर गर्नेहरू देश छाडेर भागेर गएका थिए । त्यसबाहेक बाँकी पूँजीपति वर्ग, मध्यम व्यवसायी र श्रमिक तथा किसान वर्गले आन्दोलनमा ऐक्यबद्धता जनाएका थिए । आन्दोलनका कारण मेटरनिखले पद त्यागे । त्यसपछि विद्राहीले सरकार बनाएका थिए ।

त्यो सँगै अर्को विद्रोह जर्मनीमा भयो । १८ मार्चमा बर्लिनका जनताले सशस्त्र विद्रोह गरे । त्यसबेला जर्मनमा कैयन ससाना राज्यहरू थिए । करिब १८ घन्टासम्म संघर्ष भयो । अन्तत: जर्मनको एक शक्तिशाली सम्राट प्रेडरिक विलियम चौथोले आत्मसमर्पण गर्ने अवस्था सृजना भएको थियो । यसरी, युरोपेली देशहरूमा एकै चोटी जनताको जित भयो । हरियाली छायो । खुसीको लहर आयो । लामो खडेरीपछि वसन्त ऋतमा विरुवाले पाउला परिवर्तन गरे जस्तै भयो । जनताको जीवनमा बहार आयो । त्यसैले, त्यो परिवर्तनलाई जनताको वसन्त वा स्प्रिङटाइम अफ पिपुल वा स्प्रिङटाइम अफ नेशन्स भनिन्छ । तर, त्यसपछि पूँजीपति वर्ग र मध्यम वर्गबीच द्वन्द्व सुरु हुन्छ । क्रान्ति यथावत कायम रहन्न । केही राज्यमा पुन: पुरानो राज्यसत्ताका पुरानै खेलाडीहरू तालमेल मिलाएर फर्किए । जसरी नेपालमा फर्किन खोजिरहेका छन् । तर, त्यो बेलाको अवस्था र अहिलेको अवस्था फरक छ ।

### खेलोमेलो दृश्य

अन्तरिम सरकार बन्नअघि सामाजिक सञ्जालमा राष्ट्रपतिलाई सेनाले कब्जा गरेको छ भनेर हुँईंया फैलाइयो । मलाई पनि एकाध जनाले फोन गरेर सुनाएका थिए । त्यो कुरा घन्टै पिच्छे सलह किरा फैलिँए फैलिँदै गयो । त्यसपछि सेनाले होइन, राष्ट्रपतिले वार्ता संयोजन गर्नुपर्छ भन्ने कुरा सामाजिक सञ्जाल र पत्रपत्रिकामा छ्यापछ्यापप्ति आयो । वार्ता अगाडि बढ्यो । राष्ट्रपति नजरबन्दमा त रहेनछन् । कुरा हुँईया फैलाइएको रहेछ । राष्ट्रपतिसँग वार्ता हुनु भनेको संविधानलाई कोमाबाट मुर्झाउने प्रयास गर्नु थियो । त्यसबेला जेन-जी आन्दोलित नै थियो । विद्रोह ताजै थियो । जेन-जीको पहिलाको माग जे भए पनि यत्रो धनजनको विनास भैसकेपछि यो संविधान अस्तित्वमा छैन भनेर कुरा उठाउनु पर्थ्यो ।

शासकले निजी बिर्ताजस्तो बनाएका अख्तियार दुरुपयोग अनसन्धान आयोग, भागबन्डामा नियुक्त गरेका नियुक्तिहरू जस्तो सर्वोच्च अदालतकै न्यायाधीशहरू स्वत खारेज हुनपर्छ र माथिल्लो सदन पनि भंग हुनुपर्छ भनेर अडान लिन सक्नुपर्थ्यो । देशमा सुधार गर्ने नै हो भने संविधानमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको प्रावधान आवश्यक छ, कम्तीमा यो संविधानमा यो प्रावधान फेरिनुपर्छ भन्ने सम्झौता पनि गरिनुपर्थ्यो । तर, जेन-जीहरूले न त्यो कुरा बुझे, न एकभएर जान सके । उनीहरूले तान्डव नृत्य देखाए । बाझाबाझ गरे । झण्डै हानाहानको स्थिति श्रृजना भएको थियो । त्यसबेला त उनीहरू सबै निर्वतमान सरकारको प्रमुख, गृहमन्त्री, संचारमन्त्री, गोली चलाउन अन्तिम आदेश दिने सीडीओलगायतलाई पक्राउगरी कार बाही अगाडि बढाउने सर्त राखेर सरकार निर्माण तर्फ लाग्नुपर्थ्यो ।

अन्तरिम प्रधानमन्त्रीको सपथ गराउनेमा हत्तारो भयो । प्रधानमन्त्रीले संसदमात्र विघटन गर्ने सर्तमा सपथ गरिहाल्नु भयो । उनले जेन-जी र राष्ट्रपतिबीच जे-जे सहमति भए पनि थप अडान लिनुपर्थ्यो । किन भने माथिल्लो सदन, अख्तियार दुरुपयोग अनसन्धान आयोग, माथिल्लो सदन र भागबन्डामा नियुक्त गरिएको न्यायाधीशहरूलाई जिउका तिउ राखेर काम गर्न असजिलो हुन्छ भनेर निर्क्योल गर्नुपर्थ्यो । त्यो कुरा नजरअन्दाज गरियो । यसपछि नागरिक समाजका अगुवाहरूले राष्ट्रपतिलाई भेटेर पुराना सत्तारुढ दलहरूसँग टक्कर नलिन सुझाव दिइभ्याएका छन । राष्ट्रपतिले त त्यही चाहेका हुन् । उनी त शेरबहादुर दम्पत्तिलाई बचाउन चाहन्छन् । यो संविधान जिउँका तिउँ राख्न चाहन्छन् किनभने राष्ट्रपति यहि संविधानबाट निर्वाचित भएका हुन् ।

सेप्टेम्बर १३ मा कांग्रेस, एमाले, माओवादी केन्द्र, एस, लोसपा, जसपा, नागरिक उन्मुक्ति र जनमत पार्टीहरूले संसद् विघटन खारेज हुनुपर्छ भनेर संयुक्त विज्ञप्ति निकालिसकेका छन् । उनीहरूले जेन-जी आन्दोलनलाई नकारीसकेका छन् । ती पार्टीहरूबाट यत्ति चाँडै यस्तो दुस्साहस गर्नु नागरिक समाजको बल हो । यो सच्चा नागरिक समाज हो कि राज्य यो अवस्थामा पुऱ्याउन सरसहयोग गर्ने समाज हो ?

### जेन-जी चुक्यो

सेप्टेम्बर ८ र ९ तारिखको करिब २७ घन्टाको आन्दोलनपछिको विद्रोहले देशमा दशकौंदेखि रजगज गर्दै आएको नेपालको राज्यसत्ता उपयोग गर्नेहरूलाई तहसनहस बनाएको थियो । देशमा सरकार थिएन । भिडले पार्टी नेताहरूलाई जता भेटे उतै लखेटेका थिए । त्यो अवस्था देशभर भइरहेको थियो । सेनाले केही गर्न सकिरहेको थिएन । शासक सबै भागिसकेका थिए । तिनका घर सबैजसो जलेका थिए । सेनाले विद्रोहीलाई मौन समर्थन गरे जस्तो अवस्था देखिन्थ्यो । यस्तो अवस्थामा ऐन, कानून सबै काम नलाग्ने भएका अवस्था थियो । संविधान मृत भइसकेको थियो ।

विद्रोहीले जितिसकेको थियो । जेन-जीले यो संविधान अनुसार अन्तरिम सरकार बनाउन नमानेको भए त उनीहरूले हत्याराहरू पक्राउ गर्ने वातावरण उसबेलै बन्थ्यो । सबै कुरा टुंगो लागिसकेको हुन्थ्यो । तर, सेप्टेम्बर ८ मा आन्दोलन आह्वान गर्ने जेन-जीले यस्तो माग राखेको थिएन । यस्तो अवस्था आइपुग्छ भनेर आकलन गरेका पनि थिएनन् । प्रधानमन्त्रीले राजीनामा दिएको अवस्थामा, देशमा सरकार कामचलाउ भए पनि त्यसको उपस्थिति नभइरहेको अवस्थामा जेन-जी समूहले प्रधानमन्त्री कसलाई बनाउने भनेर भूमरीमा फस्यो ।

कसैले काठमाडौं महानगरपालिकाका मेयर बालेन साह वा धरान उपमहानगर पालिकाका मेयर हर्क साम्पाङलाई बनाउनुपर्छ भने । सेनाले वार्ता आह्वान गऱ्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले जेन-जी आन्दोलनमा सहानुभूति प्रकट गरी रहेकी थिइन् र उनी सत्तारुढ दलहरूसँग चरम रूपमा असन्तुष्ट थिइन् । जेन-जीले देशभरबाट भोटिङ गऱ्यो र त्यसमा कार्कीको पक्षमा मत गयो भन्ने चर्चा आयो । यसैबीच बालेनले प्रधानमन्त्री हुन नचाहेको कुरा आयो ।

### संविधान टिकेन

नेपालमा जंगबहादुर राणाले सन् १८५४ मा जारी गरेको मुलकी ऐन: नेपालको पहिलो कानुनी संहिता थियो । यसपछिको अन्तरालमा नेपालमा नेपाल सरकार ऐन, विक्रम संवत २००४ (सन् १९४७), अन्तरिम नेपाल सरकार ऐन, २००७ (सन् १९४७) तथा संविधानहरू क्रमश: २०१५ (सन् १९४७), २०१९ (सन् १९६२), २०४७ (सन् १९९०), २०६३ (सन् २००६) र २०७२ (सन् २०१५)सालमा जारी भए ।

पछिल्लो संविधान जनताले बनाएको भनिए पनि, पार्टी नेताहरूका सोच अनुसार बनेको हो । त्यसमा जनताको दबाब त थियो । यो संविधानको सामग्री नराम्रो छैन । यसमा आम जनताले त्यसबेला चाहेको संघीयता, धर्मनिर पेक्षता र समावेशिता समावेश छ । तर, नेताहरूले त्यसलाई यसरी डिजाइन गरेका छन् कि त्यसमा जानेर, नजानेर यिनै नेताहरूले एकछत्र आलोपालो राज्यसत्ता चलाउने र देशलाई दोहन गरिरहने प्रावधान छ । भ्रष्टाचार, नातावाद, कृपावाद तथा कुशासन उपर उजरीको अर्थ रहन्न । उदाहरण अख्तियार दुरुपयोग आयोगलाई हेरौं । यो संविधानबाट जसरी बन्छ, त्यसमा सबैभन्दा भ्रष्ट र कानुनी कारबाही गर्नुपर्ने व्यक्ति नियुक्त हुँदै आएका छन् । अहिलेका अख्तियार प्रमुख काण्डै, काण्डमा मुछिएका हुन् । उनी आफू त बचेकै छन्, भ्रष्टाचारका नायकहरूलाई बचाइरहेकै छन् । यो यही संविधानको करामत हो ।

अर्को न्यायालय हेरौं । सर्वोच्चका न्यायाधीशहरू भागबन्डामा नियुक्त हुन्छन् । तिनका भागबन्डा गर्ने नेता र पार्टीले जतिसुकै भ्रष्टाचार गरुन्, ती न्यायाधीशहरूले जोगाइ हाल्छन् । केही राम्रा काम पनि भएका छन् । त्यस्तै, सबै संविधानिक नियुक्ति त्यसरी नै हुन्छ । पार्टी नेताको दाइने हात अर्थात् गुलाम जस्तो व्यक्तिलाई सभामुख बनाइन्छ, चाहे त्यो तल्लो सदन होस्, वा माथिल्लो सदन वा प्रदेश स्तरको सदन । यस्तै, उच्च प्रहरी प्रशासनको बढुवा, सरुवामा करोडौं घुस लिइन्छ । भन्सार, एयर पोर्टमा सबैभन्दा बढी भ्रष्ट काम गर्ने कर्मचारी नियुक्ति गरिन्छ । यो सबै यही संविधान अन्तर्गत बनाएका ऐन, कानूनका कारण हो । अत: यो संविधानको उपादेयता काम लाग्दो छैन । यो संविधान ढिलोचाँडो खारेज वा त पुनर्लेखन आवश्यक छ । त्यसो नगरे, केही हुन्न । यसलाई यथावत राख्दा, घुमिफिरि रुम्जाटार हुन्छ । जनतालाई संविधान टिकाउनुको के को खाँचो !

*(साभार: अनलाइनखबर)*

# वीरगञ्जका घरघरमै ढल मिसिएको पानी, एक महिनासम्म रोकिएन हैजा

काठमाडौं/खुला ढलमा कुहिएको फोहोर मिसिएको धमिलो पानी बगेको छ । प्लास्टिकका खोल र लेउ भरिएको दुर्गन्धित त्यही ढलमा डुबेको छ खानेपानीको पाइप । नालामा बगिरहेको दूषित पानी पाइपमा मिसिएर घरघरमा पुगिरहेको छ । यो पर्सा जिल्लाको यथार्थ हो, जसले एक महिनाभन्दा लामो समय हैजा महामारीको संकट बेहोरिरहेको छ ।





नालामुनि दबिएको खानेपानीको पाइपमा हैजाको घातक जीवाणु मिसिएको छ । जसले पर्सावासीको जीवनमा कहर मच्चाइ रहेको छ । पिउने पानीमा मिसिएको दूषित ढलका कारण जिल्लाभर हैजाको प्रकोप रोकिएको छैन । एक महिनादेखि जारी समस्याका कारण अहिलेसम्म १ हजार ५८७ जना बिरामी अस्पताल पुगिसकेका छन् । अहिले ५ जना बिरामीको आईसीयू र दुईजनाको एचडीयूमा उपचार भइरहेको छ । त्यस्तै २८ जनाले जनरल वार्डमा उपचार गराइरहेको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ । पछिल्लो २४ घन्टामा २० जना हैजा संक्रमित थपिएका छन् । पर्सामा ६ भदौमा पहिलो पटक झाडापखालाका बिरामी देखापरेका थिए । तर एक महिना बितिसक्दा हैजा संक्रमित घटेका छैनन् ।

**एक महिनासम्म किन रोकिएन हैजा संक्रमण ?**

नारायणी अस्पतालका प्रमुख डा. चुमनलाल दासका अनुसार चार हप्तादेखि फैलिरहेको हैजालाई शून्यमा झार्न सकिएको छैन । 'संक्रमण घट्नुपर्ने हो । तर घटेन । अहिले पनि हैजा संक्रमित अस्पतालमा भर्ना भइरहेका छन्,' डा. दास भन्छन्, 'यो गम्भीर चिन्ताको विषय हो ।'

उनका अनुसार दैनिक १५ देखि २० जनाको संख्यामा बिरामी अस्पताल आइरहेका छन् । पछिल्लो तथ्यांकअनुसार नारायणी अस्पतालमा हैजा संक्रमित १२ जना भर्ना भएर उपचाररत छन् । तर कुनै पनि बिरामीको अवस्था गम्भीर भने छैन । हैजाको प्रकोप एक महिनादेखि जारी रहँदा पनि पूर्ण रूपमा नियन्त्रणमा नआउनुले संकट निम्त्याइरहेको डा. दासले बताए ।

नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार, हैजाको प्रमुख स्रोत दूषित खानेपानी रहेको प्रष्ट देखिएको छ । 'समस्याको जड नै खानेपानीको पाइपलाइनमा ढलको पानी मिसिनु हो,' डा. सिंह भन्छन्, 'निर्मूल पार्न सरकारसँगै आम नागरिकको पनि ध्यान जान सकेन ।' वीरगञ्ज महानगरपालिका-१२ र १३ मा हैजा संक्रिमत देखिइरहेको उनले बताए । 'यो समस्या पुरानै ठाउँमा दोहोरिएको छ । सरकारी धाराको पानी प्रयोग भएको छ । आम नागरिकमा जनचेतना पनि पुर्याउन सकिएको छैन,' सिंह भन्छन् ।

वर्षायाममा धेरै पानी पर्दा थुप्रिएको फोहोर कुहिन्छ र फोहोरबाट निस्कने रस पानीले बगाएर लैजान्छ । दिसाका जीवाणु इनार वा पानीको मुहानमा मिसिँदा हैजा संक्रमण हुन्छ । डा. सिंहका अनुसार ढलको पानीमा रहेको हैजाको जीवाणु दुईदेखि तीन हप्तासम्म बाँच्न सक्छ । जीवाणु नालामा बस्ने र वर्षा भएपछि पानीको सतह माथि आउँदा खानेपानीको पाइपलाइनमा मिसिने गर्छ । चिकित्सकका अनुसार एक-दुई जनामा हैजा हुनुले पनि महामारीको संकेत गर्छ । किनकि, हैजाको जीवाणु तीव्र गतिमा फैलिन्छ । अधिकांश लक्षणविहीन संक्रमितले हैजा फैलाउने गर्छन् ।

'खानेपानीको पाइपमा नाला मिसिएको छ । त्यसलाई सफा गरिएको छैन । त्यसैले हैजाको संक्रमण बारम्बार दोहोरिएको छ,' डा. सिंह भन्छन् । यसअघि सरकारले क्लोरिन हालेर पानी शुद्धीकरण गरेको थियो । तर क्लोरिनको प्रयोग बन्द भएपछि फेरि हैजा महामारी बढेको हो ।

युनिसेफले प्रभावित क्षेत्रका घरघरमा पुगेर क्लोरिनेसनको काम सुरु गरेको छ । तर यो दीर्घकालीन समाधान नभएको डा. सिंह बताउँछन् । 'मुहान र ढलको पाइपलाइन मर्मत नभएसम्म हैजा मात्र होइन, अन्य पानीजन्य रोगहरू फैलिने जोखिम छ,' डा. सिंहले चेतावनी दिए । स्वास्थ्य मन्त्रालयका एक अधिकारीका अनुसार हैजा नियन्त्रणमा संघ र स्थानीय सरकारको समवन्य हुन आवश्यक हुन्थ्यो । तर हुन सकेको छैन । 'ढल भएको ठाउँमा खानेपानीको पाइप राखेर दूषित पानी नागरिकलाई खुवाउनु स्थानीय सरकारको हेपाह प्रवृत्ति भयो,' ती अधिकारी भन्छन्, 'मन्त्रालय पनि हैजा नियन्त्रणमा गम्भीर भएको देखिएन ।'

अस्पतालमा हैजाका बिरामीको चाप पनि बढ्दो छ । अधिंकाश बिरामीमा अत्यधिक मात्रामा पातलो सेतो चौलानी जस्तो दिसा हुने, शरीरका मांसपेसी बाउँडिने, बान्ता हुने, थकाइ महसुस हुने जस्ता समस्या लिएर आइरहेको डा. सिंहले बताए । उनका अनुसार परीक्षण गरिएकामध्ये आधा बिरामीमा हैजा पोजिटिभ देखिएको छ । हैजा अर्थात् कोलेरा भिब्रिओ कोलरी नामक जीवाणुको संक्रमणका कारण हुन्छ । विज्ञका अनुसार झाडापखाला जस्तो देखिने हैजा केही गम्भीर प्रकृतिको हुन्छ । हैजाको जिवाणु संक्रमण भएका अधिकांश मानिसमा साधारण लक्षणमात्र देखिन्छ र केही दिनभित्रै निको हुन्छ । जटिल समस्या देखियो भने तुरुन्तै उपचार दिन नसके मृत्यु हुन्छ ।

केही मानिसमा हैजाको लक्षण नदेखिए पनि संक्रमण भएको हुनसक्छ र उनीहरूको दिसामार्फत लगातार केही दिनसम्म हैजाको जीवाणु बाहिर निस्कन्छ । ती व्यक्तिले सरसफाइमा ध्यान नदिए अन्य व्यक्तिमा सजिलै सर्छ । डा. सिंह समुदायमा जनचेतनाको कमी र दूषित पानीको प्रयोगलाई हैजा महामारीको प्रमुख कारण मान्छन् । 'मानिसहरूले पानी उमालेर वा शुद्धीकरण गरेर प्रयोग गरिरहेका छैनन् । स्रोत पनि अत्याधिक दूषित छ,' डा. सिंह भन्छन् ।

विज्ञका अनुसार तत्काल पाइपलाइन मर्मत र पानी शुद्धीकरणको दीर्घकालीन उपाय नअपनाए हैजाको संक्रमण भयावह हुन जान्छ । त्यसैगरी अन्य पानीजन्य रोगहरूको जोखिम रहन्छ । डा. दासका अनुसार, समुदायस्तरमा सञ्चालित जागरूकता र सरसफाइ कार्यक्रमहरू प्रभावकारी भए पनि कतिपय कमजोरीले प्रकोप नियन्त्रणमा ढिलाइ भएको हुनसक्छ । 'समुदायमा जागरुकता अभियानसँगै सरसफाइ र स्वच्छता कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ । तर नियन्त्रणमा नहुनुले कतै त्रुटि भएको शंका छ,' डा. दास भन्छन् ।

जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनीका अनुसार पानीको मूल स्रोत नै प्रदूषित भएकाले त्यसको दीर्घकालीन समाधानमा अझै चुनौती छ । अहिलेको अवस्थामा, प्रदूषित पानीको विकल्प नभएका क्षेत्रहरूमा नागरिकहरू सोही पानी प्रयोग गर्न बाध्य छन् । यसले पानीजन्य रोगहरूको संक्रमण पुन: फैलिन सक्ने जोखिम बढाएको छ । 'पानीको मुहानमा रहेको प्रदूषणको स्रोत पहिचान गरी त्यसलाई नियन्त्रण नगर्दा क्लोरिन प्रयोग बन्द हुने बित्तिकै वा केही समयपछि फेरि पनि पानीजन्य रोगहरूको जोखिम बढ्छ,' डा. मरासिनी भन्छन् ।

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन वीरगञ्जमा हैजाको फैलावटलाई सरसफाइ व्यवस्थापनमा देखिएको कमजोरीसँग जोड्छन् । उनी भन्छन्, 'शौचालयको राम्रो व्यवस्थापन नहुनु, हात नधोई खाना तथा पानी छुनु र सडक किनारका असुरक्षित खानेकुराले संक्रमणलाई सहजै फैलाइरहेको देखाउँछ ।' डा. पुनले स्थानीय बासिन्दालाई पानी उमालेर वा शुद्धीकरण गरेर मात्र प्रयोग गर्न र सरसफाइमा विशेष ध्यान दिन आग्रह गरे । 'जनताले उमालेको वा शुद्ध पानी मात्र प्रयोग गर्नुपर्छ । रेस्टुरेन्टमा खाना खाँदा पनि सावधानी अपनाउनुपर्छ । व्यक्तिगत सरसफाइलाई कडाइका साथ पालना गर्नुपर्छ,' डा. पुन भन्छन् ।

(स्रोत: अनलाइनखबर)

# फूलपातीका फिल्म चलाउन हलहरू २२ घन्टा खुल्ने










काठमाडौं/दशैंको फूलपातीबाट तीन फिल्म 'माइतीघर', 'हरिबहादुरको जुत्ता' र 'बलिदान' प्रदर्शनमा आउँदैछन् । दर्शकमाझ उच्च प्रतिक्षा भएका यी फिल्मलाई सन्तुलित ढंगले शो विभाजन गर्न यतिबेला हलहरूलाई ठूलो सकस परेको छ । दशैंमै साउथ फिल्म 'कान्तारा २' पनि आउने भएकाले शो बाँडफाँट अझ चुनौतीपूर्ण बनेको छ । यद्यपि, तीन फिल्मका शो तालिका सार्वजनिक भइसक्केका छन् ।

हलहरूले तीन फिल्मलाई ४५, ३० र २५ प्रतिशतको हिसाबले शो बाँडेका छन् । सबैभन्दा बढी शो 'बलिदान'ले पाएको छ, जसको शो संख्या देशव्यापी झन्डै २ सय छ । 'माइतीघर'ले १२० बढी शो पाउँदा 'हरिबहादुरको जुत्ता'को शो संख्या कुल ११६ छ । केही हलमा अझै शो खुल्न बाँकी नै छ । यी तीन फिल्मलाई अब सबैभन्दा ठूलो चुनौती भनेको उपलब्ध शोलाई अकुपेन्सीमा बदल्नु हो ।

'माइतीघर', 'हरिबहादुरको जुत्ता' र 'बलिदान'का लागि शो व्यवस्थापन गर्न मल्टीप्लेक्सहरूले बिहानको ५:३० बजेदेखि मध्यरातको ११:५५ बजेसम्म शो दिएका छन् । अन्तिम शो सकिँदा बिहानको ३ बज्नेछ । यसरी हेर्दा फूलपातीदेखि हलहरू २४ घन्टामा झन्डै २२ घन्टा खुला रहनेछन् । यसअघि कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी' चल्दा पनि हलहरू २१-२२ घन्टासम्म खुलेका थिए ।

फूलपातीका तीन फिल्मले घरेलु बजारबाट लगानी उठाउन कम्तीमा पनि ४५ करोड व्यापार गर्नुपर्ने जनाइएको छ । 'हरि बहादुरको जुत्ता' र 'बलिदान'को प्रचारसहित निर्माण लागत ५ करोडभन्दा बढी रहेको बताइन्छ । 'माइतीघर' ३ करोड आसपासमा निर्माण भएको हो । २०८१ सालको दशैं विदामा चार नेपाली फिल्मले गरेको कमाइलाई हेर्दा ४५-५० करोडको लक्ष्य त्यति टाढा भने छैन ।

# 'माइतीघर' सबैले हेर्न मिल्ने, दर्शक निराश नहुने निर्माताको दाबी






काठमाडौं/दशैंको फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माइतीघर' सबै उमेर समूहका दर्शकले हेर्न पाउने भएका छन् । केन्द्रीय चलचित्र जाँच समितिले 'सबैका लागि' भन्दै फिल्मलाई 'यूनिभर्सल' सर्टिफिकेट दिएको छ । बुधबार साँझ फिल्मको सेन्सर गरिएको थियो । हलमा पारिवारिक दर्शकको अपेक्षा गरेको फिल्मको टिमलाई उक्त सर्टिफिकेटले ठूलो राहत दिएको छ ।

फिल्म हेरेपछि सेन्सरका पदाधिकारीहरूले कथावस्तु, प्रस्तुति र कलाकारको अभिनयको खुलेर प्रशंसा गरेको निर्माता रोहित अधिकारीले बताए । उनले भने, 'सेन्सरमा मिलेको प्रतिक्रियाले हाम्रो आत्मविश्वास थप बढेको छ । एउटा उत्कृष्ट पारिवारिक फिल्म बनेको भन्दै सबैले तारिफ गर्नुभयो ।' उनी पनि दर्शकहरू फिल्मबाट निराश नहुने दाबी गर्छन् ।

'माइतीघर'को देशभरका हलमा बुकिङ खुलिसकेको छ । फिल्मले देशव्यापी १२० बढी शो पाएको छ । केही हलले बिहान ५:३० बजेदेखि मध्यरातको ११:५५ बजेसम्म शो दिएका छन् । अनलाइन मार्फत फिल्मको टिकट खरिद गर्ने दर्शक पनि बढिरहेका देखिन्छन् । फूलपातीदेखि ६ दिन दशैंको विदा र हेकाले फिल्मले सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ ।

मिलन तामाङको निर्देशनमा बनेको 'माइतीघर'मा केदार घिमिरे (माग्ने बुढा), धीरज मगर, प्रकाश सपूत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, वुद्धि तामाङ, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । 'प्रेमगीत २'का निर्देशक रामशरण पाठकको लेखन रहेको यो फिल्मको शीर्ष गीत यतिबेला चर्चामा छ । उक्त गीतमा १ लाखभन्दा बढी टिकटक बनेका छन् ।

# ६८१३ कैदी कारागार बाहिर : सुरक्षा चुनौतीसँगै विदेश भाग्ने जोखिम

काठमाडौं/२४ भदौको जेनजी आन्दोलनको मौका छोपेर कारागार तोडेर भागेका कैदीबन्दीका कारण अहिले समाज त्रस्त छ । कैदीबन्दी समाजमा खुलेआम हिँड्दा सुरक्षा चुनौतीमात्रै थपिएको छैन, विदेश भाग्ने जोखिमसमेत बढेको छ । बुधबार १२ बजेसम्मको तथ्यांकअनुसार अझै ६ हजार ८१३ कैदीबन्दी खुला समाजमा छन् । उनीहरू कारागारको चौघेरामा आउन बाँकी नै छ ।



नेपालमा जघन्य अपराध गरेर कारागार पुगेका कैदीबन्दी विदेश भाग्न सक्ने भन्दै अहिले कारागार व्यवस्थापन विभागले यसबारे गृहकार्य सुरु गरेको छ । विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार अहिले धमाधम फरार कैदबन्दीहरूको विवरण अध्यावधिक गर्ने काम भइरहेको छ । 'हामीले कैदीबन्दीको वैयक्तिक विवरण अध्यावधिक गरिरहेका छौं । यसबारे अध्यागमनलाई पनि जानकारी गराएका छौं,' न्यौपानेले संचारकर्मीसँग भने ।

कारागार कार्यालयहरू तोडफोड तथा जलेर नष्ट भएकाले कैदीहरूको विवरणसमेत जलेकाले केही समस्या भएको बताइएको छ । कारागारबाट बाहिर रहेका कैदीबन्दी विदेश भाग्न सक्ने भन्दै उनीहरूको विवरण अध्यावधिक गर्ने काम भइरहेको छ । विवरण अध्यावधिक गरेका कैदीबन्दीका नागरिकता, पासपोर्ट लगायतको विवरण अध्यागमनमा बुझाइने उनले बताए ।

अध्यागमन विभागले पनि यसबारे काम भइरहेको बताएको छ । अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले कारागार व्यवस्थापन विभागले पठाएका विवरणअनुसार अध्यागनले रेकर्ड राखेर निगरानी सुरु गरेको बताए । 'विदेश भाग्ने सम्भावना हुने भएकाले कारागार विभागलाई जतिसक्दो चाँडो विवरण पठाउन भनेका छौं । भोलिसम्ममा फरार सबै कैदीबन्दीको विवरण पठाउने जानकारी आएको छ,' तिवारीले संचारकर्मीसँग भने । सबै विवरण आएपछि सिस्टममा कालो सूचीमा राखेर निगरानी बढाइने अध्यागमनले बताएको छ । ठूलो संख्यामा कैदीबन्दी कारागार बाहिर रहेपछि केही देशले नेपालीको भिसामा कडाइ गरेका छन् ।

भारतीय अध्यागमन कार्यालयहरूमा पनि त्यस्तो केरकार बढेको यात्रुहरूले बताएका छन् । खासगरी खुला सीमाका कारण कैदी भारत छिर्न सक्ने भन्दै भारतले सबै सीमा क्षेत्रमा चेकजाँच र सोधपुछमा कडाइ गरेको बताइएको छ ।

**अझै ६ हजार ८१३ कैदी फरार**

कारागारबाट भागेका ६ हजार १९१ कैदीबन्दी र सुधार गृहबाट भागेका ६२२ गरी ६ हजार ८१३ कैदीबन्दी अझै फरार छन् । बुधबार दिउँसो १२ बजेसम्मको तथ्यांकअनुसार कारागारबाट भागेकामध्ये ७ हजार ७३५ कैदीबन्दी फिर्ता आएका छन् । जेनजी आन्दोलनको क्रममा झुम्का, सोलुखम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कन्चनपुर गरी २८ वटा कारागारबाट १३ हजार ५८५ कैदीबन्दी भागेका थिए ।

त्यसैगरी मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी गरी ९ वटा बाल सुधार गृहबाट ९४६ कैदीबन्दी गरी जम्मा १४ हजार ५४९ कैदीबन्दी फरार भएका थिए । तीमध्ये कारागारतर्फ ७ हजार ३९४ र सुधारगृहतर्फ ३४१ गरी ७ हजार ७३५ कैदीबन्दी कारागार फिर्ता भइसकेका छन् । यीमध्ये केही आफैं कारागार फिर्ता आएका थिए भने केहीलाई प्रहरीले पक्राउ गरेर ल्याएको थियो । अहिले कारागार तर्फ ६ हजार १९१ र सुधारगृहतर्फ ६२२ गरी ६ हजार ८१३ कैदीबन्दी फिर्ता आउन बाँकी छन् ।

**सुरक्षा चुनौती बढ्यो**

नख्खु कारागारमा रहेका कैदी सन्तबहादुर तामाङ फरार भएका थिए । जेनजी प्रदर्शनको क्रममा कारागारबाट भागेका उनी आफ्नो घर पनौती नगरपालिका-१२, गागल पुगे । श्रीमती मनिषा घ्यावा तामाङ (जमुना)को हत्या गरे । शव खाल्डो खनेर पुरे । अनि उनी बेपत्ता भए । पछि खोज्दा खुल्यो उनी फेरि नख्खु कारागार नै फर्किसकेका रहेछन् । श्रीमती हत्याबाट जोखिन उनी सुटुक्क आफैं कारागार फर्केको अनुसन्धानबाट खुल्यो ।

*(स्रोत: अनलाइनखबर)*

# देउवा परिवारको सम्पत्ति माथि सुरु भयो अनुसन्धान

काठमाडौं/सरकारले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा सहित निवर्तमान सरकारका दुई मन्त्रीहरूको सम्पत्तिमाथि अनुसन्धान शुरु गरेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले केही प्रमाणहरू संकलन गरी परीक्षणका लागि नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याब (डीएफएल)मा पठाएको हो ।

'पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उहाँकी धर्मपत्नी एवं निवर्तमान सरकारको परराष्ट्रमन्त्री आरजु राणा देउवा र उर्जामन्त्री दिपक खड्काको सम्पत्तिबारे केही प्रमाण संकलन भएको थियो,' सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सम्बद्ध स्रोतले भन्यो, 'ती प्रमाणको वस्तुपरकता, यथार्थ परीक्षण गर्न नेपाल प्रहरीको डिएफएलमा आफैं प्रमाण सहितको पत्र पठाइएको हो ।'

कुनै विषयमा उजुरी परेर त्यसका थप प्रमाण संकलनका प्रक्रियाहरू बढेपछि अनुसन्धान शुरु हुन्छ । विभागले देउवा दम्पत्ती र मन्त्री खड्काको घर आगजनीपछि स्थलगत रुपमा त्यहाँ पुगेर केही प्रमाणहरू संकलन गरेको थियो । त्यसपछि अरु प्रमाण पनि संकलन गरेर पत्र पठाइएको स्रोतले बतायो ।

विभागसम्बद्ध स्रोतका अनुसार, पैसाका टुक्राहरू, खरानीका साथै देउवा र खड्का निवासको भिडियो संकलन भएको थियो । त्यसक्रममा पैसा छरेको र उडाएको भेटिएको थियो । तीमध्ये केही मानिसहरूसँग विभागका अधिकारीहरूले अनौपचारिक कुराकानीपछि थप प्रक्रिया अघि बढाएका हुन् ।

**के छन् आरोप ?**

शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला समानान्तर रुपमा भूमिगत गिरोह परिचालन गरेको आरोप खेप्ने आरजुमाथि सार्वजनिक पदमा नियुक्तिदेखि राजकीय कामकारवाहीमा सार्वजनिक पदको दुरुपयोग गर्ने गरेको आरोप लाग्दै आएको छ । नक्कली शरणार्थी प्रकरणमा समेत नाम मुछिएकी आरजुमाथि गैर कानूनी सम्पत्ति आर्जन गरेको आरोप छ । उर्जामन्त्री खड्का मन्त्री हुँदा पदको दुरुपयोग गरेको र स्वार्थ जोडिएको काम गरेको आरोप लाग्ने गरेको छ । उनको घरमा भेटिएको प्रमाण पनि परीक्षणका लागि प्रयोगशालामा पठाइएको स्रोतले बतायो । देउवा परिवार श्रृङ्खलाबद्ध अनियमितताको घटनामा मुछिँदै आएको छ । केही वर्षयताका घटनाक्रम हेर्दा एकपछि अर्को अनियमितताका घटनाहरू उनीहरूसँग जोडिएको हुन्थ्यो ।

मुख्यसचिव शंकरदास बैरागीलाई राष्ट्रिय सुरक्षा सल्लाहकार बनाएर अवकाशमा जान लागेका डा. बैकुण्ठ अर्याललाई मुख्यसचिव बनाउन देउवा परिवारको पनि भूमिका थियो । अर्याललाई मुख्यसचिव बनाउन सक्रिय रहेका सुनिल पौडेल र विकल पौडेल भ्रष्टाचारको आरोपमा थुनामा छन् । उनीहरू आबद्ध करिब एक दर्जन भ्रष्टाचार मुद्दा सर्वोच्चदेखि विशेष अदालतमा विचाराधिन छ ।

देउवा दम्पत्तिका छोरा जयवीरमाथि समेत राज्यशक्तिको दुरुपयोग गरी कतिपय सरकारी निर्णयहरूलाई प्रभावित पारेको आरोप छ । सुरक्षण मुद्रण केन्द्रदेखि पेमेन्ट गेट-वे र नेपाल टेलिकमको बिलीङ प्रणालिमा त्यो समूहको नाम जोडिन्थ्यो । तर, राजनीतिक संरक्षणका कारण प्रमाणको अभाव भन्दै अख्तियारले त्यस्ता निर्णयमा संलग्न राजनीतिज्ञहरूमाथि अनुसन्धान गर्न सकेको थिएन ।

**कसरी हुन्छ अनुसन्धान ?**

सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून अनुसार, केही निश्चित संलग्न भएको प्रमाण नभेटिदासम्म सम्पत्ति शुद्धिकरणको आरोपमा मुद्दा चलाउन मिल्दैन । तर गैरकानूनी रुपमा सम्पत्ति कमाएको भेटिएमा भने स्वत: भ्रष्टाचारको आरोप आकर्षित हुन्छ ।

# सलमानको पिता बन्ने इच्छा, भन्छन्, 'बच्चा चाँडै हुनेछ'

काठमाडौं/९० को दशकका दुई चर्चित अभिनेत्री ट्विंकल खन्ना र काजोलको संयुक्त टक शो 'टू मच'को पहिलो एपिसोड प्राइम भिडियोमा सार्वजनिक भइसकेको छ । उक्त एपिसोडमा बलिउडका दुई सुपरस्टार आमिर खान र सलमान खान अतिथिको रूपमा उपस्थित भएका थिए । शोमा दुवैले आफ्नो करिअर, नीजि जीवन र आपसी मित्रताको बारेमा खुलेर कुरा गरेका छन् ।



आमिरले सलमानसँग सुरूमा राम्रो बोन्डिङ नभएको खुलासा गर्दै भनेका छन्, 'मलाई त्यसबेला लाग्थ्यो कि सलमान समयमा आउँदैनन् । 'अन्दाज अपना अपना'को छायांकनमा हामीलाई निकै समस्या हुन्थ्यो । त्यसबेला सलमान निकै जजमेन्टल थियो । म पनि हार्ड स्वभावको थिएँ । रीना दत्तसँग डिभोर्सपछि एक डिनरको क्रममा म र सलमान राम्रोसँग कनेक्ट भएका थियौ ।'

उक्त शोमा सलमानले पनि आफ्ना विगतका सम्बन्धहरू र त्यसको अन्त्य कसरी भयो भन्ने बारेमा कुरा गरेका छन् । उनी भन्छन्, 'जब एउटा पार्टनर अर्कोले भन्दा धेरै प्रगति गर्छ, त्यतिबेला मतभेदहरू देखा पर्न थाल्छन् । त्यतिबेला असुरक्षा हुन थाल्छ । दुवैले एकसाथ प्रगति गर्नुपर्छ । दुवै एकअर्काको पीठबाट हट्नुपर्छ । म त्यही विश्वास गर्छु ।'

५९ वर्षका अविवाहित सलमानले पिता बन्ने इच्छा पनि व्यक्त गरेका छन् । 'बच्चा एक दिन अवश्य हुनेछ, चाँडै हुनेछ । समय आउन दिनुस् । बच्चा विस्तारै नै हुने हो,' उनले भने । केही वर्षअघि उनले एक अन्तर्वार्तामा आफूलाई बच्चाको सौख रहेको तर श्रीमतीको चाहना नभएको बताएका थिए । उनी सरोगेसीको माध्यमबाट पिता बन्ने सोचमा रहेको बताइन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### संवैधानिक प्रक्रियाबाटै संविधान र शासकीय प्रणाली संशोधन गर्नुपर्छः प्रधानमन्त्री कार्की

# जेनजी आन्दोलनमाथि दमन गर्नेलाई कारबाही गर्ने प्रतिवद्धता

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले संवैधानिक प्रक्रियाबाटै संविधान र शासकीय प्रणाली संशोधन गर्नुपर्ने बताएकी छिन् ।

बिहीवार राष्ट्रका नाममा सम्बोधन गर्दै उनले नेपालको संविधान र शासकीय प्रणालीको संशोधनलगायत जेन जी पुस्ताले आन्दोलनका क्रममा उठाएका विषय वर्तमान अन्तरिम सरकारको कार्यक्षेत्र भन्दा बाहिरको विषय भएको बताइन् । युवापुस्तालगायत परिवर्तन पक्षधर आमनेपाली जनतालाई आगामी निर्वाचनमा सहभागी भइ संवैधानिक प्रक्रियाबाटै संविधान संशोधन गर्नका लागि उनले आग्रह गरिन् । प्रधानमन्त्री कार्कीले फागुन २१ गतेभित्र भयरहित र स्वतन्त्र निर्वाचन हुने दाबी गर्दै सबै राजनीतिक दललाई भाग लिने तयारी गर्न आग्रह गरिन् ।



उनले जेनजीको आन्दोलन पछि आफूले पाएको अधिकारअन्तर्गत् समाजका लब्धप्रतिष्ठित व्यक्तिलाई संलग्नता गराएर सरकार गठन गरेको बताइन् । प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनका क्रममा भएका घटनाका दोषीमाथि सशक्त कानुनी कारबाही गर्ने दाबी गरिन् । प्रधानमन्त्री कार्कीले भ्रष्टाचारको अन्त्य, सुशासन अनि विकास अपेक्षा गरी भएको आन्दोलनको अभिव्यक्ति अनुसार सरकारले काम गर्ने बताइन् । उनले सार्वजनिक सम्पत्ति र निजी सम्पत्तिमा भएको अपूरणीय क्षतिप्रति सरकारले ध्यान दिएर पुनर्निर्माण सुरुगर्ने बताइन् ।

प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनका क्रममा मृत्यु वरण गरेकाहरुलाई सहिद घोषणा गर्दै आर्थिक राहतको घोषणा गरेको र घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था गरेको बताइन् । आन्दोलनबाट प्रभावित उद्योग, व्यापार व्यवसायिक प्रतिष्ठानलाई राहत, कर, सहुलियत सुविधाहरु प्रदान गरी आर्थिक क्रियाकलाप सहजरुपमा सञ्चालन गर्न एकीकृत व्यवसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याएको उनले बताइन् । प्रधानमन्त्री कार्कीले युवापुस्ताको सोच र भावनाबमोजिम कर्मचारीले आफूलाई रुपान्तरण गरी नागरिकको अपेक्षा पूरागर्ने कार्यमा लाग्न निर्देशन दिइन् ।

सरकारले जेनजी आन्दोलनका क्रममा आगजनीमा परेका नेताको घरमा भेटिएको नगद रकमबारे छानवीन सुरु गरेको प्रधानमन्त्री कार्कीले जानकारी दिइन् । गत भदौ २३ र २४ मा भएको जेनजीपुस्ताको आन्दोलनको क्रममा आगजनीमा परेका काँग्रेस सभापति शेरबहादुर देउवालगायतका शीर्ष नेताहरुको घरमा नगद रकम जलेको भेटिएको थियो । प्रधानमन्त्री कार्कीले विगतका भ्रष्टाचार प्रकरणबारे सरकार जानकार रहेको उल्लेख गर्दै निष्पक्ष छानबीन गरी दोषीमाथि कारबाही अघि बढाइने स्पष्ट पारिन् । उनले आन्दोलनको क्रममा तोडफोड र आगजनीमा परेको संरचना पुनर्निर्माणको कार्य अघि बढिसकेको उल्लेख गरिन् ।

## प्रदेश समन्वय परिषद् बैठकको माग गर्दै मूख्यमन्त्रीलाई ज्ञापन



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/प्रदेश समन्वय परिषद् बैठकको माग गर्दै बागमती प्रदेशका मूख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाइएको छ । गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगर पालिका संघ र जिल्ला समन्वय समिति महासंघ बागमती प्रदेश समितिले प्रदेश समन्वय परिषद् बैठकको माग गर्दै बागमती प्रदेशका मूख्यमन्त्री बानियाँलाई ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा प्रदेश समन्वय परिषद्को बैठक यथाशीघ्र बोलाई वर्तमान परिस्थितिको समीक्षा गर्दै प्रदेश र स्थानीय सरकारबीचको प्रभावकारी अन्तरसम्बन्ध र सहकार्य, जेनजी प्रर्दशनका क्रममा भएको क्षतिको समीक्षा गर्दै पुननिर्माण तथा पुनर्स्थापना योजना निर्माण, चालु आर्थिक वर्ष २०८२/८३ का स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धमा छलफल गरिनुपर्ने उल्लेख छ ।

बैठकमा क्षतिग्रस्त स्थानीय सरकार र जिल्ला समन्वय समितिका संरचनाको अस्थायी व्यवस्था गरी सेवा प्रवाहलाई सुचारु गर्नका लागि सहजीकरण गर्न विकास साझेदार निकाय र प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (पिएलजिएसपी) लगायत स्रोतसाधनलाई प्रभावकारी उपयोग गर्न प्रदेश निर्देशक समितिको बैठक गरी उचित निर्णय लिनुपर्ने, राष्ट्रिय समन्वय परिषद्को तत्काल बैठक आव्हान गर्न प्रधानमन्त्रीलाई अनुरोध गर्ने र प्रदेश समन्वय परिषदको तर्फबाट राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नुपर्ने एजेण्डाको बारेमा छलफल हुनपर्ने जनाइएको छ ।

संघ/महासंघले पछिल्लो समय स्थानीय सरकारका जनप्रतिनिधिलाई धम्की आइरहेकाले शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्नुका साथै स्थानीय सरकारका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीलाई भयरहित रुपमा सेवाप्रवाहलाई सुचारु गर्न विश्वस्त वातावरण तयार गर्नुपर्ने, जेनजी प्रर्दशनका क्रममा आगजनी, तोडफोड, चोरी, लुटपाट गर्ने, धाकधम्की दिने कार्यमा संलग्नलाई अनुसन्धान गरी कानुनी कारबाहीको दायरामा ल्याइनुपर्ने, स्थानीय सरकारलाई प्राप्त हुने समानिकरण अनुदानका साथै जिल्ला समन्वय समितिलाई प्राप्त हुने अनुदान कटौती नहुने विषय सुनिश्चित गरिनुपर्ने माग गरेका छन् ।

संघ/महासंघले जेनजी प्रदर्शनका क्रममा दुःखद निधन भएकाप्रति श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । घाइतेहरुको निःशुल्क र प्रभावकारी उपचारको प्रबन्ध गर्न सम्बन्धित पक्षसँग माग गरिएको छ । संघ/महासंघ जेनजी प्रदर्शनमार्फत् अभिव्यक्त भ्रष्टाचारको अन्त्य, सुशासनको प्रत्याभूति तथा युवाको शासन व्यवस्थामा सहभागिता जस्ता जायज मागमा समर्थन जनाएका छन् ।

ज्ञापनपत्र बुझ्दै मूख्यमन्त्री बानियाँले संघ/महासंघले उठाएका विषयलाई सम्बोधन गर्न यथाशीघ्र प्रदेश समन्वय परिषद्को बैठक बोलाउने प्रतिवद्धता व्यक्त गरेका छन् । कार्यक्रममा गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश अध्यक्ष कर्णबहादुर मगर, जिल्ला समन्वय समिति महासंघ बागमती प्रदेश अध्यक्ष ललित घलान, सचिव सानुकाजी लुईटेल, सहसचिव तारा ढुंगाना लगायतको उपस्थिति रहेको थियो ।

## पहिरो पन्छाएपछि दुईतर्फी नै खुल्यो मुग्लिन-नारायणगढ सडक

काठमाडौं/चितवनको इच्छाकामना गाउँपालिकामा-५ मा पर्ने तुइन खोलामा ठूलो पहिरो खसेपछि अवरुद्ध बनेको नारायणगढ-मुग्लिन सडकखण्ड सञ्चालनमा आएको छ । सडक डिभिजन कार्यालय भरतपुरका अनुसार बिहीबार राति १०:३५ बजेदेखि सडक दुईतर्फी नै सुचारु भएको हो ।

यही असोज ७ गते मंगलबार करिब साढे ४ बजेदेखि सो सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको थियो । बिहीबार राति साढे १० बजे पहिरो पन्छाउने काम सकिएलगत्तै सडक दुईतर्फी नै सुचारु भएको हो ।

पहिरो पन्छाउने काम बुधबार बिहानबाट मात्र थालिएको थियो । बिहीबार साँझ अबेरसम्म पनि पहिरो पन्छाउने काम नसकिएपछि फ्लडलाइट बालेर काम गरिएको थियो । यसबीचमा १६० मिटर लामो पहिरो पन्छाउन ५ वटा बढी डोजर प्रयोग गरिएको थियो । यो सडकखण्डमा भएको निरन्तरको अवरोधले यात्रुहरू समस्यामा पर्दै आएका छन् । सडकमा सवारी साधनहरूको लामो जाम लागेकाले सहज रूपमा यात्रा गर्न भने केही समय लाग्ने छ ।

काठमाडौं जोड्ने मुख्य लाइफलाइनका रूपमा रहेको यो राजमार्ग पहिरोका कारण अवरुद्ध हुँदा यात्रुले निकै सास्ती बेहोरे । अझ नेपालीहरूको महान चाड दशैंका बेला सडक अवरुद्ध हुँदा गन्तब्यतर्फ प्रस्थान गरेका यात्रु सडकमै अलपत्र भए ।

तर, अब पुनः पहिरो नखसे आवागमन सहज हुनेछ । तुइन खोला नजिक यसअघि पनि पटकपटक पहिरो खसेर राजमार्ग अवरुद्ध हुँदै आएको थियो ।

## बागमती प्रदेशमा चार उपसचिवको सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ बागमती प्रदेश सरकारले चारजना उपसचिवको सरुवा गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको निर्देशनमा प्रमुखसचिव भुपाल बरालले तीनजनालाई कार्यालय प्रमुख र एकजनालाई मन्त्रालयको महाशाखा प्रमुखको जिम्मेवारी तोकेका हुन् ।




सरुवा हुनेमा शिक्षा समूहतर्फका चारजना उपसचिव (९ औं तह) रहेका छन् । निर्णय अनुसार सामाजिक विकास कार्यालय मकवानपुरमा कार्यरत गोपाल कँडेललाई शिक्षा निर्देशनालय बागमती प्रदेशको कामु महानिर्देशकमा सरुवा गरिएको छ । ११ औं तह सचिवस्तरको दरबन्दी रहेको निर्देशनालय खुबीराम अधिकारीलाई गतसाता सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिवमा सरुवा गरिएको कारण रिक्त थियो । त्यसैगरी, कँडेल कार्यरत सामाजिक विकास कार्यालय मकवानपुरको प्रमुखमा सूर्यबहादुर दाहाललाई पठाइएको छ ।

दाहाल कार्यरत युवा तथा खेलकुद मन्त्रालयको महाशाखामा भने लोकबहादुर वाइबाको सरुवा गरिएको छ । वाइबा यसअघि सामाजिक विकास कार्यालय धादिङ गजुरीमा कार्यरत थिए । त्यस कार्यालयको जिम्मेवारी अब प्रदेश युवा परिषद्मा कार्यरत रमेश घिमिरेले सम्हाल्नेछन् । प्रदेश सरकारका प्रमुखसचिव बरालले सरुवा भएका सबै उपसचिवले तोकिएको कार्यस्थलमा गएर चाँडै पदभार ग्रहण गर्ने जानकारी दिएका छन् ।

## मकवानपुरका तीन स्थानमा यात्रु सहायता कक्ष स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले चाडपर्वलाई लक्षित गरी नागरिक सहायता कक्ष सञ्चालनमा ल्याएको छ ।





चाडपर्वको समयमा हुनसक्ने आपराधिक गतिविधि, यात्रुठगी, र नागरिक अलपत्र पर्ने जस्ता समस्यालाई मध्यनजर गर्दै मकवानपुरका तीन स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार अन्य समयमा भन्दा चाडपर्वको समयमा अपराधिक घटना बढ्ने, यात्रु ठगिने, सामान हराउने तथा नागरिक अलपत्र पर्ने जस्ता गतिविधि हुने गरेका छन् । यस्ता गतिविधिलाई रोक्न र नागरिकलाई सहज सेवाप्रदान गर्नका लागि सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता श्यामु आर्यालले बताए ।

हाललाई हेटौडा बसपार्क, मनहरी र थानाभञ्याङमा यात्रु सहायता कक्ष स्थापना गरिएको र आवश्यकता अनुसार अन्य स्थानमा पनि थप्दै लैजाने योजना रहेको प्रवक्ता अर्यालले बताए । सहायता कक्षको स्थापनाले चाडपर्वको समयमा यात्रुलाई सुरक्षित र सहज यात्रा गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

# ओली, लेखकसहित शीर्ष नेताहरूको पासपोर्ट रोक्का गर्ने सरकारको तयारी

काठमाडौं/सरकारले प्रमुख दलका केही शीर्ष नेताहरूको राहदानी (पासपोर्ट) रोक्का गर्ने तयारी गरेको छ । जेन-जी आन्दोलनको दमनमा संलग्न र कतिपय भ्रष्टाचार एवं सम्पत्ति शुद्धीकरणको अनुसन्धानको दायरामा परेकाहरूमाथि यसप्रकारको 'एक्सन' बारे छलफल भएको हो ।



जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र लगायत दलका केही शीर्ष नेताहरूको राहदानी रोक्का गर्ने प्रक्रिया अघि बढाएको हो । 'जेन-जी आन्दोलन दमनमा संलग्न कार्यकारी नेतृत्व लगायतलाई कानुनी दायरामा ल्याउनुपर्छ भन्ने माग चर्को छ । तत्कालका लागि पासपोर्ट रोक्काकै निर्णय हुनेछ' मन्त्रिपरिषद्सम्बद्ध स्रोतले भन्यो, 'त्यसपछि थप कारबाही अघि बढ्ला ।'

स्रोतका अनुसार, पासपोर्ट रोक्काका लागि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकको नाम किटेरै आएको छ । पासपोर्ट रोक्का गर्ने वाचलिस्टमा देउवा र पत्नी आरजु राणा देउवाको नामसमेत राखने गृहकार्य भएको उच्च अधिकारीहरूले जानकारी दिए । तिनका अनुसार यसबारे ठोस निर्णय भने हुन बाँकी छ ।

ती बाहेक अरूको हकमा सम्बन्धित फौजदारी उजुरी र अनुसन्धानको प्रारम्भिक नतिजा हेर्ने भनिएको उनले बताए । यसक्रममा शपथ लगत्तै काम सुरु गरेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगका पदाधिकारीहरूसँग पनि परामर्श गर्ने सरकारको तयारी छ ।

प्रधानमन्त्री कार्यालयले राहदानी रोक्काबारे परामर्श गरेर प्रक्रिया समेत अघि बढाएको उच्च स्रोतले संचारकर्मीलाई जानकारी दियो । 'राहदानी रोक्काबारे केही परामर्श भइसकेको छ । त्यसपछि प्रक्रिया अघि बढाएका छौं । अहिले काम हुँदैछ,' उच्च स्रोतले भन्यो ।

सरकारले केही शीर्ष नेताका राहदानी रोक्काबारे गत मंगलबार मात्रै अध्यागमन विभाग, राहदानी विभागसँग छलफल गरेको थियो । छलफलका क्रममा विभागले राहदानी रोक्काका प्रक्रिया र कानुनबारे ब्रिफिङ गरेको थियो । सो क्रममा विभागले कस्तो अवस्थामा राहदानी रोक्का हुने, त्यसका लागि के-के चाहिने जस्ता विषयहरूबारे जानकारी गराएको थियो ।

कुनै आधार प्रमाण बिना कसैको पनि राहदानी रोक्का गर्न नमिल्ने, यदि रोक्का गर्नुपरेमा त्यसको कारण खुल्ने किसिमको पत्र चाहिने कानुनी व्यवस्थाबारे छलफल भएको थियो । अहिलेसम्म कुनै पनि शीर्ष नेताको राहदानी रोक्का नभए पनि यसको अहिले तयारी भने अन्तिम चरणमा पुगेको स्रोतले बताएको छ ।

उच्च स्रोतका अनुसार तीन मुख्य दलका शीर्ष नेताहरूको राहदानी रोक्ने प्रक्रिया अघि बढाइएको हो । राहदानी रोक्का गनुपर्ने कारणसहितको पत्र अध्यागमन विभागमा पुगेपछि राहदानी रोक्का हुने बताइएको छ । अहिले केही नेताहरूमाथि सम्पत्ति शुद्धीकरण विभागले अनुसन्धानको प्रक्रिया समेत अघि बढाएको छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र कांग्रेसकै नेता तथा पूर्व उर्जामन्त्री दीपक खड्काको घरमा गत आइतबार मात्रै विभागको टोली पुगेर अनुसन्धान अघि बढाएको थियो । हरिहर भवनस्थित विभागबाट एसपी नवरत्न पौडेलसहितको टोली बूढानीलकण्ठ स्थित देउवा र खड्काको निवासमा पुगेर मुचुल्का उठाएको थियो ।

जेनजी प्रदर्शनकारीहरूले आगजनी गरेपछि उनीहरूको घर जलेको थियो । जलेको उक्त घरमा डढेको अवस्थामा पैसा भेटिएको थियो । यी दुवै नेताको घर प्रदर्शनकारीले जलाएका थिए । उक्त घरमा ठूलो मात्रामा नगद रकम रहेको भन्दै भिडियोसमेत सार्वजनिक भएको थियो । देउवाको घरमा डलर र नेपाली हजार, पाँच सयका नोटहरूका जलेको टुक्राहरू समेत भेटिएको थियो । पैसा राखने सुरुङ समेत भेटिएको दाबी गरिएको थियो ।

यता खड्काको घरबाट पनि केही रकम भेटिएको भिडियो सार्वजनिक भएको थियो । मन्त्री खड्काको घरमा रहेको भन्दै केही रकम उड्दै गरेका भिडियो बाहिरिएका थिए । जलेको घर र त्यसको अवस्था, रकम रहेको ठाउँ लगायतको मुचुल्का विभागले गरिसकेको छ ।

यता देउवाको सचिवालयले विज्ञप्ति जारी गर्दै रकम राखने सुरुङ र पैसा नभएको दाबी गरेको थियो । उक्त सुरुङ नभई पानी ट्यांकी रहेको दाबी देउवाको सचिवालयको थियो । विभागले बुधबार मात्रै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)को खुमलटार निवासमा पुगेर मुचुल्का गरेको छ । प्रचण्डको घरमा पनि जलेको रकमका केही टुक्राहरू भेटिएको भन्दै तस्वीरहरू बाहिरिएका थिए । स्रोतकाअनुसार विभागको टोली एमाले अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको बालकोटस्थित निवासमा पुगेर पनि मुचुल्का गरिसकेको छ । ओली र प्रचण्ड निवास दुवै जेनजी आन्दोलनको क्रममा जलाइएको थियो ।

(स्रोतः अनलाइनखबर)

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना